# OnePay Mastercard® सम्बन्धी गाइड

नेपाली

onepay

# सामग्री


पृष्ठ 02 कार्ड र खाता व्यवस्थापन गर्ने तरिका
पृष्ठ 04 तपाईंको व्यक्तिगत पहिचान नम्बर (PIN)
पृष्ठ 05 OnePay कार्ड प्रयोग गर्ने तरिका
पृष्ठ 07 Primary र Select का ग्राहकहरू
पृष्ठ 09 महत्त्वपूर्ण जानकारी


**हामीलाई सम्पर्क गर्न चाहनुहुन्छ ?**

**अनलाइन सहायता केन्द्र:**
www.onepay.co.uk/help

**इमेल:**
theteam@onepay.co.uk

**कार्ड हराएको वा चोरिएको रिपोर्ट गर्न ग्राहक सेवा विभागको निम्न टेलिफोनमा सम्पर्क गर्नुहोस्:**
0113 320 1900*

* टेलिफोन गर्दा स्टान्डर्ड शुल्क तिर्नु पर्ने हुन्छ, मोबाइलबाट टेलिफोन गर्दा अझै बढी रकम लाग्न सक्छ ।

# आफ्नो खाता र कार्ड व्यवस्थापन गर्ने तरिका

**तपाईंले एक्टिभेट गरेपछि मात्र कार्ड प्रयोग गर्न पाउनुहुन्छ ।**

## 'My OnePay' एप वा अनलाइन पोर्टल प्रयोग गर्न

- आफ्नो एप स्टोरबाट 'My OnePay' डाउनलोड गर्नुहोस् वा www.onepay.co.uk मा गई 'Register Now' मा क्लिक गर्नुहोस् । यसका लागि तपाईंलाई निम्न कुरा चाहिन्छ:
  - आफ्नो OnePay ग्राहक संख्या (तपाईंको कार्डको अगाडि रहेको 10-अङ्कको नम्बर)
  - तपाईंको मोबाइल फोन र इमेल ठेगाना

**'My OnePay' एप वा अनलाइन पोर्टलबाट आफ्नो खाता दर्ता गरिसकेपछि तपाईं एप वा अनलाइन पोर्टलबाट निम्न कुरा गर्न सक्नुहुन्छ:**


- बाँकी रकम थाह पाउन
- आफ्नो PIN हेर्न
- OnePay Select का ग्राहकलाई रकम पठाउन
- आफ्नो कारोबारको इतिहास हेर्न
- वा 'Select ग्राहक बन्न' ।

मेरो OnePay

Download on the App Store

GET IT ON Google Play

# आफ्नो खाता र कार्ड व्यवस्थापन गर्ने तरिका



**'My OnePay' एप र अनलाइन पोर्टल दुबैमा दह्रो सुरक्षा बन्दोबस्त गरिएको हुन्छ । यसले तपाईं र तपाईंको खातालाई जालसाजीबाट बचाउँछ ।**

तपाईंले पहिलो पटक दर्ता गर्दा हामी तपाईंले आवेदन दिने बेलामा उपलब्ध गराउनुभएको फोन नम्बर वा इमेल ठेगानामा एक पटके पासवर्ड पठाउने छौँ ।

तपाईंको पहिचान पुष्टि गर्न यो सुरक्षा जाँच गरिएको हो ।

यस्तो खाले सुरक्षा जाँच पछि पनि हुन्छ । अत: तपाईंले आफ्नो व्यक्तिगत विवरण सुरक्षित राख्नु पर्ने हुन्छ ।

कृपया मोबाइल नम्बर वा इमेल ठेगाना परिवर्तन भएमा हामीलाई जानकारी गराइहाल्नुहोस् ।

iOS 9.3 वा सो पछिको iOS फोन वा Android 5.0 वा सो पछिको Android मा मात्र OnePay एप चल्छ ।
OnePay एप चलाएको पैसा लाग्दैन । तर तपाईंको मोबाइल सेवा प्रदायकले भने शुल्क लिन सक्छ ।
नेटवर्क सीमितताका कारणले यो एप प्रयोग गर्दा असर हुन सक्छ । Apple
अमेरिका र अरू देशमा दर्ता भएको Apple Inc को ट्रेडमार्क हो । App Store भने Apple Inc को सर्भिस मार्क हो ।
Android/Google Play चाही Google Inc को ट्रेडमार्क हो ।

# तपाईंको व्यक्तिगत पहिचान नम्बर (PIN)



तपाईं तीन तरिकाले आफ्नो PIN हेर्न सक्नुहुन्छ ।

स्वचालित टेलिफोन सेवामा सम्पर्क गरेर

0113 320 1900* मा टेलिफोन गर्नुहोस् र टेलिफोन वा मोबाइलको किप्याड प्रयोग गरी 'hear your PIN' विकल्प छान्नुहोस् । टेलिफोन गर्दा OnePay कार्ड आफूसँगै होस् भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।

आवाजबाट आउने निर्देशनको पालना गर्नुहोस् । तपाईंले सुरक्षा जाँच पूरा गरेपछि तपाईंलाई तपाईंको PIN बताइने छ ।

'My OnePay' एप वा अनलाइन पोर्टलबाट

'My OnePay' एप वा अनलाइन पोर्टलबाट आफ्नो खातामा लगइन गर्नुहोस् र 'My Card' नामक स्क्रिनमा जानुहोस् । “Card Details' र त्यसपछि 'Show PIN' छान्नुहोस् ।

आफ्नो PIN प्राप्त गरेपछि सो PIN बदलेर तपाईं आफूले सम्झन सक्ने 4 अङ्कको PIN राख्न सक्नुहुन्छ । तपाईं निश्चित एटियमबाट PIN बदल्न सक्नुहुन्छ । यसका लागि तपाईंले स्क्रिनमा दिइएका निर्देशनको पालना गर्नु पर्ने हुन्छ ।

तपाईं एटिएममा PIN प्रयोग गरी बाँकी रकम थाह पाउन र पैसा झिक्न सक्नुहुन्छ ।

**आफ्नो PIN कसैलाई नभन्नुहोस् । OnePay को कर्मचारीलाई पनि नभन्नुहोस् । हामी तपाईंसँग तपाईंको PIN माग्दै माग्दैनौं ।**

* टेलिफोन गर्दा स्टान्डर्ड शुल्क तिर्नु पर्ने हुन्छ, मोबाइलबाट टेलिफोन गर्दा अझै बढी रकम लाग्न सक्छ ।

# OnePay कार्ड प्रयोग गर्ने तरिका

**तपाईंले एप, अनलाइन पोर्टल वा 0113 320 1900* मा टेलिफोन गरी आफ्नो कार्ड एक्टिभेट गर्नु पर्ने हुन्छ ।**

## पैसा झिक्ने तरिका

Mastercard को लोगो भएका संसारका सबै एटियमबाट रकम झिक्नुहोस् ।

## स्टोरमा प्रयोग गर्ने तरिका

OnePay कार्डमा 'कन्ट्याक्टलेस' भुक्तानी गर्ने सुविधा उपलब्ध छ । यसको अर्थ हो तपाईंले (बेलायतमा) £45 सम्मको भुक्तानी गर्न आफ्नो PIN टाइप गरिरहनु पर्दैन । तपाई आफ्नो कार्ड रिडरमा ट्याप गरेकै भरमा भुक्तानी गर्न सक्नुहुन्छ ।

तपाईंले कन्ट्याक्टलेस भुक्तानी सेवा एक्टिभेट गर्न सुरुमा चिप र PIN को प्रयोग गर्नु पर्ने हुन्छ ।

तर कहिलेकाहीँ £45 भन्दा रकम कन्ट्याक्टलेस तरिकाले भुक्तानी गर्दा पनि तपाईंलाई PIN हाल्न लगाइन सक्छ । तपाईंले लगातार 5 पटकसम्म कन्ट्याक्टलेस भुक्तानी गर्नुभयो भने तपाईंलाई PIN हाल्न लगाइन सक्छ ।

* टेलिफोन गर्दा स्टान्डर्ड शुल्क तिर्नु पर्ने हुन्छ, मोबाइलबाट टेलिफोन गर्दा अझै बढी रकम लाग्न सक्छ ।




तपाईं कन्ट्याक्टलेस भुक्तानी हुने स्थानमा यो सुविधा प्रयोग गर्न सक्नुहुन्छ:

तपाईं आफ्नो कार्डमा कन्ट्याक्टलेस भुक्तानी सुविधा एक्टिभेट भएको छ वा छैन भन्ने बारेमा अनिश्चित हुनुहुन्छ भने अनलाइन पोर्टल वा OnePay एपमा हेर्नुहोस् ।

तपाईं यो सेवा उपलब्ध गराउने पसलहरूमा OnePay कार्ड प्रयोग गर्दा तपाईं निःशुल्क क्यासब्याक माग्न सक्नुहुन्छ । (क्यासब्याक दिने वा नदिने भन्ने कुरा व्यापारीको स्वविवेकमा भर पर्छ) ।

**अनलाइन सपिङ**

तपाईं आफ्नो OnePay कार्ड अनलाइनमा प्रयोग गर्न सक्नुहुन्छ । तर यसो गर्दा सुरक्षित वेबसाइटको प्रयोग गर्नुहोला । https:// र URL मा लक भएका वेबसाइटमा मात्र प्रयोग गर्नुहोला ।




आफ्नो OnePay कार्ड र खाता कसरी सुरक्षित राख्ने लगायतका सुरक्षासम्बन्धी सुझावको लागि हाम्रो वेबसाइट www.onepay.co.uk/resources हेर्नुहोला ।

# Primary र Select का ग्राहकहरू

**तपाईंले अझैसम्म अतिरिक्त पहिचान जाँच पूरा गर्नुभएको छैन भने तपाईं Primary ग्राहक नै रहनुहुने छ ।**

**Primary ग्राहक हुनुका फाइदाहरू**

- OnePay चलाउने एजेन्सीबाट तलव प्राप्त गर्ने
- स्टोर वा अनलाइनमा खरिद गर्ने
- एटियमबाट पैसा निकाल्ने
- अनलाइन वा फोनबाट आफूले चाहेको भाषामा सहायता प्राप्त गर्ने
- बाँकी रकम, कारोबारको इतिहास प्राप्त गर्ने र अनलाइन पोर्टल वा एपबाट आफ्नो PIN प्राप्त गर्ने

**तपाईं Primary ग्राहक हुनुहुन्छ र तपाईंले Select ग्राहक हुन आवश्यक पहिचान जाँच पूरा गर्नुभएन भने 12 महिनापछि तपाईंको खाता निलम्बन गरिने छ ।**

**Select ग्राहक हुनुका फाइदाहरू**

- आफ्नो खाता नम्बर र सर्ट कोड प्रयोग गर्ने
- बेलायती बैंक खाता भएको व्यक्ति वा संस्थाबाट रकम प्राप्त गर्ने
- खरिद, लोड गर्ने मिल्ने रकम र मौज्दातको सीमा बढी हुने**
- आफूले चाहेको अवधिसम्म आफ्नो OnePay कार्ड खाता राख्ने***



Select ग्राहक बन्न सहज छ । ग्राहक बन्न धेरै बेर लाग्दैन । 'My OnePay' वा अनलाइन पोर्टलमा लग इन गर्नुहोस्, 'Request my account details' बटनमा क्लिक गर्नुहोस् र स्क्रिनमा देखाइने निर्देशनको पालना गर्नुहोस् । तपाईंले हामीलाई अतिरिक्त ID उपलब्ध गराउनु पर्ने हुन्छ । यसका लागि आफूसँग ID राख्न नबिर्सनुहोस् ।

Select सदस्य भन्ने बारेमा थप जानकारीका लागि www.onepay.co.uk/select मा जानुहोस् ।

**उपलब्ध प्याकेज, शुल्क तथा सीमाको बारेमा थप जान्न हाम्रा सर्तहरू हेर्नुहोस् ।

***24 महिनापछि अनिवार्य रूपले कार्ड नवीकरण गरिनु पर्छ ।

# महत्त्वपूर्ण जानकारी



**महत्त्वपूर्ण जानकारी**

स्रोतहरू: विभिन्न भाषामा निम्न लगायतका जानकारी डाउनलोड गर्न www.onepay.co.uk/resources मा जानुहोस्:

- खाता र कार्ड व्यवस्थापन गर्ने तरिका
- जालसाजी रोक्ने बारेमा सुझाव
- OnePay कार्डको बढीभन्दा बढी फाइदा लिने तरिका

**सहायता केन्द्र:**

तपाईंसँग प्रश्नहरू छन्? OnePay का बारेमा बारम्बार सोधिने प्रश्न तथा तिनको जवाफ हेर्न हाम्रो सहायता केन्द्र www.onepay.co.uk/help हेर्नुहोस् ।

सर्तहरू: तपाईंको खातामा लाग्ने शुल्कसम्बन्धी जानकारी समावेश गर्ने पूर्ण सर्तहरू www.onepay.co.uk/terms मा उपलब्ध छ ।

छोटकरी सर्तहरू: विभिन्न भाषामा छोटकरीमा उपलब्ध सर्तका लागि www.onepay.co.uk/help हेर्नुहोस् ।

Modus UK Limited (trading as 'OnePay') is a company registered in England and Wales (No. 05934955). Registered address: Mayfield House, Lower Railway Road, Ilkley, West Yorkshire, LS29 8FL. The OnePay card is issued by PSI-Pay Ltd pursuant to a license by Mastercard® International Incorporated. PSI-Pay Ltd is authorised and regulated by the Financial Conduct Authority of the United Kingdom under the Electronic Money Regulations 2011 (register reference 900011) for the issuing of electronic money.

Mastercard is a registered trademark, and the circles design is a trademark of Mastercard International Incorporated. Using the OnePay card and account is subject to our terms & conditions that can be viewed and downloaded at www.onepay.co.uk/terms.

# हामी तपाईंलाई सहयोग गर्न उपलब्ध छौँ ।

**अनलाइन सहायता केन्द्र:**
www.onepay.co.uk/help

**इमेल:**
theteam@onepay.co.uk

**टेलिफोन:**
0113 320 1900

**पत्राचार ठेगाना:**
OnePay, Mayfield House,
Lower Railway Road,
Ilkley, LS29 8FL

* टेलिफोन गर्दा स्टान्डर्ड शुल्क तिर्नु पर्ने हुन्छ, मोबाइलबाट टेलिफोन गर्दा अझै बढी रकम लाग्न सक्छ ।